नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय
# तानसेन, पाल्पा

पत्र संख्या :२०८१।८२
सूचना नं.:

मिति: २०८१/०६/०१
ने.सं.११४४,त्रंलाथ्व चतुर्दशी मंगलबार

## श्रेष्ता कायम,नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक मस्याम -६ हाल तिनाउ -६ निवासी मान बहादुर पुन, प्रेम माहिला पुन र छत्र बहादुर पुनले निजका वुवा राम बहादुर पुनको मिति २०५९।०४।०३ गते मृत्यु भएको, मृतक राम बहादुर पुनको एकमात्र श्रीमती इन्द्र कुमारी पुनको समेत मिति २०५६।०७।१३ गते मृत्यु भएको, अविवाहित दिदीबहिनीहरु नभएको, मृतक वुवा राम बहादुर पुनको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक **मस्याम -६ कि.नं.६७,८५,१६६,१६७ ,१६८,१९१,१९२,१९३,१९९,१६९,१७८** जग्गाको श्रेष्ता कायम नभएको, ज.ध.पुर्जा हराएको र हालसम्म आफुहरुले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं.को जग्गा मृतक ज.ध. राम बहादुर पुनको नाममा श्रेष्ता कायम गरी निवेदक (मान बहादुर पुन समेत ३) को नाममा संयुक्त नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त कि.नं.को जग्गामा निवेदक को हकभोग छ वा छैन? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध.ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन्? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो? ज.ध. पुर्जा हराएको हो वा होईन ?ज.ध.को शेषपछिका हकवाला के कति छन्? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ?मृतक ज.ध. राम बहादुर पुनको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदक मान बहादुर पुन समेत ३ जनाको नाममा संयुक्त नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन?उल्लेखित जग्गाहरु मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा संयुक्त नामसारी गरिदिन मिल्छ वा मिल्दैन ?निवेदन मागदाबी बमोजिम गरिदिँदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी संयुक्त नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा संयुक्त नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

२०८१।६।१

दुर्गा प्रसाद खनाल
मालपोत अधिकृत